**आकाशवाणी समाचार- नेपाली**

मितिः ०७ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले गुयानामा भएको आम चुनाव अनि क्षेत्रीय चुनावमा राष्ट्रपति इरफान अलीलाई भारी विजय हासिल गरेकोमा बधाई दिनु भएको छ।

- केन्द्रीय कृषि तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले वस्तु तथा सेवा कर-जीएसटीको नयाँ दर र स्ल्याबले कृषि क्षेत्रमा उल्लेखनीय प्रभाव पार्ने बताउनु भएको छ।

- वायुसेना प्रमुख एयर चिफ मार्शल अमर प्रीत सिंहले अपरेशन सिन्दूरले भारतको द्रुत, निर्णायक अनि सटीक प्रहार गर्ने क्षमता प्रदर्शन गरेको बताउनु भएको छ।

- विश्व नम्बर एक बेलारुसकी आर्यना साबालेन्काले युएस ओपन टेनिस प्रतियोगिताको महिला एकल उपाधि जितेकी छन्।

- मौसम विभागले आज पश्चिम राजस्थान र गुजरातमा केही स्थानहरुमा अत्यधिक भारी वर्षाको लागि रेड अलर्ट जारी गरेको छ।

**प्रधानमन्त्री-गुयाना राष्ट्रपति**

प्रधानमन्त्री नरेन्द्र मोदीले अफ्रिकी देश गुयानामा भएको आम चुनाव अनि क्षेत्रीय चुनावमा राष्ट्रपति इरफान अलीलाई भारी विजय हासिल गरेकोमा बधाई दिनु भएको छ। सामाजिक सञ्जालमा एक पोस्टमा प्रधानमन्त्रीले भन्नु भयो उहाँ भारत-गुयाना साझेदारीलाई अझ बलियो पार्न तत्पर छन्, जुन ऐतिहासिक छ र दुइ देशका मानिसहरुबीचको परस्पर सम्बन्धमा आधारित छ। प्रधानमन्त्रीको सन्देशको जवाफमा गुयानाका राष्ट्रपति अलीले दुई देशबीच पहिला नै बलियो अनि सौहार्दपूर्ण सम्बन्धलाई अझ सुदृढ बनाउहाँ श्री मोदी, भारत सरकार र भारतका जनतासँग काम गर्ने इच्छा व्यक्त गर्नु भएको छ।

**प्रधानमन्त्री मोदी- म्याक्रो**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोसँग युक्रेनमा द्वन्द्वको तत्काल अन्त्य गर्ने प्रयासहरू सहित विश्वव्यापी अनि क्षेत्रीय मुद्दाहरू माथि चर्चा गर्नुभयो। श्री मोदीले द्वन्द्वको शान्तिपूर्ण समाधान तथा शान्ति र स्थिरताको तत्काल पुनर्स्थापनाको लागि भारतको निरन्तर समर्थन दोहोऱ्याउनुभयो। टेलिफोन वार्तामा, दुई नेताहरूले विभिन्न क्षेत्रहरूमा द्विपक्षीय सहयोगमा भएको प्रगतिको मूल्याङ्कन अनि समीक्षा गर्नुभयो।

**Byte**

**शिवराज-जीएसटी किसान**

केन्द्रीय कृषि तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले वस्तु तथा सेवा कर-जीएसटीको नयाँ दर र स्ल्याबले कृषि क्षेत्रमा उल्लेखनीय प्रभाव पार्ने बताउनु भएको छ। भोपालमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्नु हुँदै कृषि मन्त्रीले यी परिवर्तनहरूले विशेष गरी साना अनि मध्यम वर्गका किसानहरूलाई फाइदा पुऱ्याउने बताउनु भयो। उहाँले भन्नु भयो कृषि

उपकरणमा जीएसटी दरमा कटौतीले खेती लागत घटाउनेछ र किसानहरूको नाफा बढाउनेछ। श्री चौहानले जैविक-कीटनाशक अनि सूक्ष्म पोषक तत्वहरूमा पनि जीएसटी घटाइएको बताउनु भयो, जसले किसानहरूलाई मात्र फाइदा पुऱ्याउने छैन तर रासायनिक मलबाट जैविक-मलतर्फको प्रवृत्तिलाई पनि बढावा दिनेछ। डेयरी क्षेत्रमा, दूध र चीजमा जीएसटी हटाउँदा उपभोक्ताहरूलाई मात्र फाइदा हुने छैन तर किसान, गाईवस्तु पालक अनि दूध उत्पादकहरूलाई पनि ठूलो राहत मिल्नेछ। उहाँले जनताको जीवन सुधार गर्न प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको एनडीए सरकारको प्रयासको प्रशंसा गर्नु भयो। श्री चौहानले यी पहलहरूका लागि प्रधानमन्त्रीलाई धन्यवाद दिनु भयो र ट्र्याक्टर, हार्वेस्टर र रोटाभेटर जस्ता कृषि उपकरणहरूमा जीएसटीलाई ५ प्रतिशतमा घटाउनु किसानहरूको लागि ठूलो परिवर्तन साबित हुने बताउनु भयो।

**वायुसेना प्रमुख-अपरेशन सिन्दूर**

वायुसेना प्रमुख एयर चिफ मार्शल अमर प्रीत सिंहले अपरेशन सिन्दूरले भारतको द्रुत, निर्णायक र सटीक प्रहार गर्ने क्षमता प्रदर्शन गरेको बताउनु भएको छ। चेन्नईस्थित अफिसर ट्रेनिङ एकेडेमी-ओटीएमा पासिङ आउट परेडलाई सम्बोधन गर्नु हुँदै उहाँले नयाँ अधिकारीहरूलाई राष्ट्रिय सेवामा एकताको भावना कायम राख्न अपील गर्नु भयो। यस परेड मार्फत १३० पुरुष र २५ महिला अधिकारी क्याडेटहरूलाई सेनामा नियुक्त गरिएको छ। मित्र देशहरुका ९ पुरुष र १२ महिला सहित २१ विदेशी क्याडेटहरूले पनि ओटीएमा प्रशिक्षण पूरा गरेका छन्। एयर चिफ मार्शलले परेडमा आधुनिक युद्ध र एकीकृत कार्यको आवश्यकताको बारेमा जानकारी दिनु भयो। उहाँले भन्नु भयो अपरेशन सिन्दूरले सेना, नौसेना, वायुसेना र अन्य राष्ट्रिय सुरक्षा एजेन्सीहरू बीच सफल समन्वय प्रमाणित गरेको छ। उहाँले क्याडेटहरूलाई सशस्त्र बलहरू संकटको समयमा सबै भन्दा पहिला काम गर्ने मुख्य शक्ति भएको बताउनु भयो। एयर चिफ मार्शलले भन्नु भयो वास्तविक शक्ति व्यक्तिगत उत्कृष्टतामा होइन तर टीम वर्क र संयुक्त कार्य क्षमतामा निहित छ। उहाँले क्याडेटहरूलाई आफ्नो भूमिका बुझ्न र सँगी अधिकारीहरूसँग सहकार्य गर्न आग्रह गर्नु भयो। श्री सिंहले भन्नु भयो कुनै पनि सेवा आकाश, जमिन अनि समुद्रमा एक्लैले काम गर्न सक्दैन।

**रेलवे**

उत्तरी रेलवेले भोलिदेखि पाँच दिनसम्म श्री माता वैष्णोदेवी कटरा स्टेशन अनि सांगलदान स्टेशन बीच दुई स्थानीय यात्रीवाहक रेलहरू चलाउनेछ। यसले रियासी एवं रामबनमा निरन्तर वर्षा र अचानक आएको बाढीका कारण फसेका यात्रीहरूलाई बाहिर निकाल्न मद्दत गर्नेछ। यी रेलहरू चलाउनाले कनेक्टिभिटी पुनर्स्थापित हुनेछ अनि सडक सम्पर्क पुनर्स्थापित नभएसम्म जीवन रेखाको रूपमा काम गर्नेछ।

**राजस्थान-डेयरी हब**

राजस्थानका मुख्यमन्त्री भजनलाल शर्माले राज्यलाई कृषि हब मात्र नभई भारतको सबैभन्दा ठूलो डेयरी हब बनाउने सरकारको योजना प्रस्तुत गर्नुभएको छ। मुख्यमन्त्रीले हिजो जयपुरमा श्री देवराहा बाबा गौ सेवा परिवारद्वारा आयोजित गाई सम्बन्धी विश्वव्यापी सम्मेलन गौ महाकुम्भमा यसका लागि चालिएका महत्त्वपूर्ण कदमहरूमाथि प्रकाश पार्नु भयो। उहाँले दूध उत्पादक प्रोत्साहन योजना अन्तर्गत ५०० करोड रुपियाँको प्रावधान गरिएको बताउनु भयो, जसमध्ये ४६८ करोड रुपियाँ प्रत्यक्ष लाभ हस्तान्तरण भइसकेको छ। किसानहरूलाई सशक्त बनाउन सरकारले 'किसान सम्मान निधि' को रकम ६,००० रुपियाँबाट बढाएर ९,००० रुपियाँ पुऱ्याएको छ।

**Byte**

**यूएस ओपन टेनिस**

विश्व नम्बर एक बेलारुसकी आर्यना साबालेन्काले युएस ओपन टेनिस प्रतियोगिताको महिला एकल उपाधि जितेकी छन्। फाइनलमा उहाँले अमेरिकाका अमान्डा अनिशिमोआलाई ६-३, ७-६ ले पराजित गरिन्। यो साबालेन्काको चौथो ग्रान्ड स्लाम उपाधि हो। पुरुष युगलमा स्पेनकी मार्सेला ग्रानोलर्स र अर्जेन्टिनाकी होरासियो जेबालोसले ब्रिटेनका जो सालिसबरी अनि नील स्कुपक्जिकलाई ३-६, ७-६, ७-५ ले पराजित गर्दै उपाधि जितेका छन्। पाँचौं वरीयताको यो जोडीले यस वर्ष फ्रेन्च ओपनको उपाधि पनि जितेको छ। यसैबीच, इटालीका यानिक सिन्नरले क्यानडाका फेलिक्स अउगर अलिआसिमेलाई ६-१, ३-६, ६-३,

६-४ ले पराजित गर्दै पुरुष एकलको फाइनलमा प्रवेश गरेका छन्। अब उहाँले आज राति स्पेनका कार्लोस अल्काराजको सामना गर्नेछन्।

**IMD मौसम**

मौसम विभागले आज पश्चिम राजस्थान र गुजरातमा भारी देखि अति भारी वर्षाको निम्ति रेड अर्लट जारी गरेको छ। मौसम विभाग अनुसार, पूर्वी राजस्थान, कोंकण, गोवा र मध्य महाराष्ट्रका पृथक स्थानहरूमा आज भारी देखि अति भारी वर्षा हुने सम्भावना छ। मौसम विभागले अरुणाचल प्रदेश, आसाम, मेघालय, नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुरामा पृथक स्थानहरूमा भारी वर्षा हुने पनि बताएको छ। ओडिशा, उप-हिमालयी पश्चिम बंगाल, सिक्किम, तमिलनाडु, पुडुचेरी, कराइकल र उत्तराखण्डमा पनि यस्तै अवस्था रहने सम्भावना छ।

यसैबीच, IMD ले तटीय आन्ध्र प्रदेश र दक्षिण आन्तरिक कर्नाटकका पृथक स्थानहरूमा तीव्र सतही हावा चल्ने अनुमान गरेको छ।

****** ० ******